मनहरी गाउँपालिका

गाउँकार्यपालिकाको बैठक

मिति २०८३/०३/३२ बैठक संख्या : २०८२/०८३-१५ समय : विहान ०९ : ०० बजे

अध्यक्षता : गाउँपालिका अध्यश्र श्री रन्जन कालाखेती स्थान : मनहरी गाउँपालिका, रजैया

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत | |
|---|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | | |
| ४ | श्री राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | | |

श्री रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत

मिति २०८३/०३/३२ गते बसेको पन्ध्रौं गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा।

२. योजना फरफारक सम्बन्धमा।

३. कर्मचारी करार म्याद थप सम्बन्धमा।

४. आ.व. ०८२/८३ को विषयगत समितिको बार्षिक प्रतिवेदन सम्बन्धमा।

५. जि. स. स . अनुगमन प्रतिवेदनमा औंल्याएको सुझाव सम्बन्धमा।

६. फिर्ता खर्च सम्बन्धमा।

७. ठेक्का म्यादथप सम्बन्धमा।

८. लागत साझेदारिमा फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

९. जिन्सी मालसामान (सम्पत्ती) मिनाहा तथा लगत कट्टा सम्बन्धमा।

१०. सवारी साधन मर्मत सम्बन्धमा।

११. आर्थिक सहायता अनुमोदन सम्बन्धमा।

१२. बार्षिक समीक्षा सम्बन्धमा।

१३. सम्पत्ती विवरण बुझाउने सम्बन्धमा।

१४. विज्ञापन स्थगन सम्बन्धमा।

रन्जन कालाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८२/०८३ मा चालु तर्फ ८०.३१ प्रतिशत र पुजिंगत तर्फ ६२.५८% गरि कुल जम्मा ७३.६३% वित्तिय प्रगति भएको व्यहोरा गायँकार्यपालिका बैठकमा जानकारी गराईयो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस चा.लु आ.व. ०८२/०८३ मा विनियोजित सार्वजनिक निर्माण लगायत अन्य बजेट कार्यान्वयनको अवस्थाको स्थलगत रुपमा अनुगमन गरि योजना पिच्छे छुट्टा छुट्टै तयार भएको अनुगमन प्रतिवेदनको आधारमा अनुगमन तथा सुपरिवेक्षण समितिको विभिन्न मितिमा सम्पन्न बैठकबाट कार्यालयलाई भुक्तानिको लागि गरिएको सिफारिस अनुसूची -१ बमोजिमका योजनाको भुक्तानी सम्बन्धि कार्य सदर सहित फरफारक गरि अनुमोदन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मनहरी गाउँपालिका गाउँकार्यपालिकामा सेवा करार, मासिक ज्यालादारीमा कार्यरत अनुसूची -२ बमोजिमको कर्मचारीहरुको आर्थिक वर्ष ०८३/०८४ को पौष मसान्त सम्म करार म्याद थप गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मनहरी गाउँपालिकाका विषयगत समितिहरु: सुशासन तथा संस्थागत विकास समिति, पूर्वाधार विकास समिति, आर्थिक विकास समिति, समाजिक विकास समिति र वन, वातावरण तथा विपद् व्यवस्थापन समितिबाट आ.व. ०८२/०८३ मा सम्पादन भएका कामकारबाहिका सम्बन्धमा, सम्बन्धित विषयगत समितिका संयोजक/सदस्यज्यूहरुबाट प्रतिवेदन पेश गर्नुभयो र प्रतिवेदनमा प्राप्त सुझावहरु क्रमश कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०८३/०३/०३ गते मनहरी गाउँपालिकामा संघिय र प्रादेशिक सरकारद्धारा संचालित योजनाहरुको सम्बन्धमा जिल्ला समन्वय समितिबाट भएको अनुगमन बाट प्राप्त सुझाव/ निर्देशनका सम्बन्धमा छलफल गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. ०८१/०८२ मा नदिजन्य पखार्थ ठेक्का रकमको प्रदेश पठाउनुपर्ने करिब ३,००,००,०००/- (तीन करोड) रकम चालु आ.व. ०८२/०८३ पठाउन पर्ने करिब ४,००,००,०००/- (चार करोड रुपैंया) चालु आ.व. मा स्थानीय राजश्व



रन्जन कालाखेती
अध्यक्ष

अनुमान भन्दा कम उठेको (नदिजन्य पदार्थबाट) कारणले चालु आ.व. मा नै पठाउन नसकिएकोले उक्त दुबै आ.व. को करिव ७,००,००,०००/- (सात करोड ) रुपैया आगामी आ.व. ०८३/०८४ को बजेट बाट पठाउने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मनहरी गाउपालिका बिभिन्न वडा मा निर्माणको कार्य गरिरहेका निर्माण व्यवसाय को गिट्टी बालुवा बन्द, भारि वर्षाका कारण निर्माण कार्य ढिलाई भएको कारण देखाई म्याद थप माग भए अनुसार कार्यालयलाई थप आर्थिक भार (मुल्य समायोजना) नपर्ने गरि सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ अनुसार तपसिल बमोजिमका योजनाहरुको कुनै जरिवाना नलिई म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल :

| सि नं | योजनाको नाम | सम्झौता रकम | सम्झौता मिति | निर्माण व्यवसायी | प्रगति % | प्रथम पटक म्याद थप | म्याद रहेको अन्तिम मिति | समयाबधि माग हुन आएको | थप गरिएको समयाबधि |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | Upgrading of Twangra Bankariya To Jyamire Dobhan at ward no 4 | १,०९,९१,२०३।३७ | २०८२।०८/१६ | AR Construction, Bhimphedi-5, Makwanpur | ८०% | २०८३/०३/०३ | २०८३/०३/२० | २०८३/०५/३० | २०८३/०५/३० |
| २ | Upgrading of Lamitar Chakari Road (Lamitar and Chakari Section) | ८०,९५,१७८।५३ | २०८२।१०/२८ | APR Nirman Sewa, Manahari -4, Makwanpur | ७१ % | २०८३/०३/०३ | २०८३/०३/२० | २०८३/०७/२२ | २०८३/०७/२२ |
| ३ | तल्लो मसिने खानेपानी वडा न.४ | ६२२२९६२८.१५ | २०८२/११/२८ | पि पि निर्माण सेवा | ९४% | | २०८३/३/२२ | २०८३/०६/२० | २०८३/०६/२० |
| ४ | मनहरी कोल्ड स्टोरे निर्माण | ६२८४५०३९.९७ | २०८०/१०/१० | हिमालयन नोमोबुद्ध जे भी | ९५% | | २०८३/३/०७ | २०८३/०६/३० | २०८३/०६/३० |
| ५ | मनहरी अस्पताल | १०१५२११४३.४९ | २०७८/०४/२६ | पुष्पाञ्जली वुद्धशिवाको जे.भी | ७५% | २०८०/०५/०१ | २०८३/०३/०७ | २०८३/०६/३० | २०८३/०५/३१ |



रन्जन कालाखेती
अध्यक्ष

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा आगामी आ.व. ०८३/०८४ मा मनहरी गाउँपालिकाको फोहोरमैला व्यवस्थापन गर्न लागत साझेदारीको आधारमा अन्य राष्ट्रिय/अन्तराष्ट्रिय संघ/संस्थासंग सहकार्य गर्ने निर्णय गरियो । लागत साझेदारी अनुसारको रकम फोहोरमैला व्यवस्थापन शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस मनहरी गाउपालिका अन्तर्गतका विभिन्न शाखाहरु, मुख्य स्टोर, स्वास्थ्य शाखा स्टोर र वडा नं. ६ को वडा कार्यालय (सुनाचुरी) मा मिति २०८२ साल भाद्र २४ र २५ गतेको आन्दोलनको क्रममा अनियन्त्रित भिडद्धारा गरिएको आगजनी, तोडफोड र ध्वंसात्मक गतिविधिबाट कार्यालयमा रहेका सवारी साधन, कम्प्युटर, ल्यापटप, एयर कन्डिसनर, फर्निचर, औषधिलगायतका जिन्सी मालसामानहरु कुनै पूर्ण रुपमा जली नष्ट भई भौतिक अस्तित्व समेत नरहेको र कुनै मर्मत गर्दा पनि काम नलाग्ने अवस्थामा रहेको व्यहोरा जिल्ला प्रहरी कार्यालय/प्रहरी चौकीको मुचुल्का, गाउँपालिकाद्धारा गठित आन्तरिक छानविन उपसमितिको प्रतिवेदन र प्राविधिक जाचँबुझ प्रतिवेदनबाट पुष्टि हुन आएको देखियो ।

उक्त आगजनी र तोडफोडबाट नष्ट भएका सामानहरु मर्मत संभार गरी पुनः प्रयोगमा ल्याउन नसकिने गरी क्षति भई निसर्ग गर्नुपर्न् अवस्था देखिएकोले महालेखा परीक्षकको कार्यालयको निर्देशिका (म.ले.प. फारम नं. ४१०) को आधारमा अनुसूची ३ बमोजिमका सामानहरु स्रेस्ताबाट मिनाहा **(write-off)** गर्ने र सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) बाट स्थायी रुपमा लगत कट्टा गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा मनहरी गाउँपालिकाका सवारी साधनको अभिलेख र अवस्था तथा मर्मत गर्ने सम्बन्धमा छलफल भयो । आगामी आ.व. मा सवारी साधन खरिदको लागि बजेट विनियोजन नगरिएको हुदाँ भईरहरेका सवारी साधनहरु नै मर्मत संभार गरी चालु हालमा राखी संचालन गर्ने र सो सम्बन्धमा कार्यालयको ना-१-झ १५६९ नं. को रातो गाडीको चेसिस विग्रिएकोले चेसिस परिवर्तन गर्ने र थप मर्मत संभार गरी चालु हालतमा राख्ने निर्णय गरियो साथै वा-१- झ ४२३२ नं. को सेतो गाडी र वा-१-झ ८९६० को कालो गाडीलाई मर्मत संभार गरी चालु हालतमा राख्ने तथा कार्यालयको मोटरसाईकल, स्कुटर चालु हालतमा राखि संचालनमा ल्याउने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा माथि छलफल गर्दा गाउँपालिकासंग विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने तथा विपद्जन्य घटनाको लागि माग भई आएको रकम अनुसूची –, ४ बमोजिम



रञ्जन कालाखेती

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तोकिएको शीर्षकबाट रकम उपलब्ध गराईएको आर्थिक सहायता/ अनुमोदन गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा मनहरी गाउँपालिकाले आ.व. ०८२/०८३ मा सम्पन्न गरेको योजना तथा कार्यक्रमहरुको प्रगति समीक्षा गरी प्राप्त पृष्ठपोषणको आधारमा संस्थागत सुधार गरी कार्य सम्पादनलाई चुस्त दुरुस्त बनाउन आ. व. २०८२/८३ को वार्षिक प्रगति समीक्षा मिति २०८३/०४/०६ गते विहान १० बजे संचालन गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा मनहरी गाउँपालिका निर्वाचित जनप्रतिनिधि लगायत सम्पूर्ण कर्मचारी, शिक्षकहरुलाई आ.व. ०८२/०८३ को सम्पत्ती विवरण निर्धारित समयावधिमा बुझाउन गाउँकार्यपालिकालाई जानकारी गराईयो ।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा मिति २०८२/०६/२९ गते बसेको तेस्रो गाउँकार्यपालिका बैठकको निर्णयानुसार आ.व. ०८२/०८३ को विज्ञापन नं. ०७/०८२/०८३ मिति २०८२/०८/११ गते प्रकाशित सूचना बमोजिम आयुर्वेद औषधालयको लागि माग पद संख्या १, कार्यालय सहयोगी पदको दरखास्त आवह्वान भएकोमा आर्थिक स्रोतको अभाव तथा आ.व. ०८३/०८४ देखी कार्यालयको सेवा प्रवाह एकै ठाउँबाट हुने भएकोले कार्यरत कर्मचारीबाटै व्यवस्थापन गर्ने गरि हाललाई आ.व. ०८२/०८३ को विज्ञापन नं. ०७/०८२/०८३ स्थगन गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा पारित गरियो ।

रन्जन कालाखेती
अध्यक्ष

३३०५

रमेश सुबेदी
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची -१

मिति २०८३/०३/३२ गते बसेको पन्ध्रौं गाउँकार्यपालिकाको निर्णय नं. २ संग सम्बन्धित

| | | | | |
|---|---|---|---|---|
| मनहरी गाउँपालिका | | | | |
| गाउँ कार्यपालिकाको कार्यालय | | | | |
| रजैया, मकवानपुर | | | | |
| २०८२/०८३ को मिति २०८३/०३/०३ देखि २०८३/०३/२५ सम्म सम्पन्न योजनाहरु | | | | |
| सि.न. | योजना/कार्यक्रमको नाम | वडा न. | लागत अनुमान रकम रु. | सम्पन्न खुद भुक्तानी रकम. |
| १ | भैरबनाथ रंगशाला निर्माण उपभोक्ता समिति | १ | १७६८५२४.०० | ८६९९४४.५० |
| २ | श्री दर्पण सिकाई केन्द्र-वडा नं ७ | ७ | ३३५९८४.०० | २९१०००.०० |
| ३ | कटर चोकि देखी देउराली जाने बाटो स्ल्याब ढलान | १ | २३४१९४.६० | १८४९५७.६६ |
| ४ | गोगनपानी झुल्यान रुद्रेश्वर महादेव मन्दिर मर्मत | १ | १७५३५४.१० | १३७१२८.७५ |
| ५ | पशु स्वास्थ्य क्लिनिक संचालन तथा व्यवस्थापन | ५ | ५८३९२२.१५ | ४८५०००.०० |
| ६ | वडा नं. ७ मानेडाँडा रमौली सडक खण्ड मर्मत उ.स. | ७ | ७३५५८०.०१ | ६०६२५०.०० |
| ७ | लामा बस्ती आपँ खोल्सि मेसिनरि वाल निर्माण वडा ७ | ७ | २९२०३२.७३ | २४२५००.०० |
| ८ | च्याउ खेती जाने बाटो/मनहरी ७ | ७ | ५८३८४५.०० | ४८५०००.०० |
| ९ | मनहरी २ को विभिन्न स्थानमा सडक सरसफाई | २ | २३३५३९.७० | १९३८४८.६८ |
| १० | बिजौना दाहसंस्कार निर्माण योजना वडा ७ | ७ | ४०८६९२.०० | २७७२८२.२२ |
| ११ | च्यापल गुम्बा खोल्ची तट्वन्धन वडा २ | २ | १७५२८८.३० | १४५५००.०० |
| १२ | सर्सिधाप उकालो बाटो स्तरीकरण उ.स. | २ | २३३५६६.०० | १९४०००.०० |
| १३ | ओम शान्ती देखी १ नम्बर कुलो जाने बाटो स्तरिकरण उ.स. | ३ | ७०१०४२.९६ | ५८२०००.०० |
| १४ | ऋकेश्वर वस्ती संरक्षण योजना उपभोक्ता समिती | ४ | ११६७७६२.४३ | ९७००००.०० |
| १५ | श्री प्रा.वि. देउकोट व्यवस्थापन गेट | ८ | ११६८२४.८३ | ९५६६४.३१ |
| १६ | चनौटा टोल हुँदै टावर टोल जाने बाटो स्तरिकरण वडा ९ | ९ | ५८४३३२.६० | ४८४६८८.१८ |
| १७ | रकम कुमारीको घर हुदै रातोमाटे जाने बाटो स्तरीकरण उ.स. | ३ | ५२८१५६.४९ | ४३०२५२.९८ |

रन्जन कालाखेती
अध्यक्ष

अनुसूची -१

मिति २०८३/०३/३२ गते बसेको पन्ध्रौं गाउँकार्यपालिकाको निर्णय नं. २ संग सम्बन्धित

| | | | | |
|---|---|---|---|---|
| १८ | पर्सा राष्ट्रिय निकुञ्ज म.क्षे. लोकप्रिय उपभोक्ता समिती | ५ | २९२२८६.८१ | २४२५००.०० |
| १९ | वलराम चोक मसिने चौतारा तथा ढुंगे धारा निर्माण वडा ४ | ४ | २२३६०१.०४ | १९४०००.०० |
| २० | मार्ग दर्शन मण्डली चर्च क्यामुन जिप्सन निर्माण वडा ६ | ६ | ११८३८७.०० | ९६५६५.४४ |
| २१ | पाल्दमार सिंचाई आयोजना उ.स. मनहरी-३ | ३ | २९२०२६०.३० | २३८१८३५.०० |
| २२ | पत्करे मल बनाउने स्थलमा टहरा निर्माण | ८ | ८३३३३५.०० | ८०८२९२.९५ |
| २३ | ठाकुर टोल स्ल्याव ढलान देवकोट-वडा नं ८ | ८ | ३५०८९४.७२ | २९०६०१.३३ |
| २४ | भ्यू टावर अधुरो बाटो र तरकारी संकलन केन्द्र अधुरो बाटो वडा ८ | ८ | ३५०४३२.७६ | २७६३४३.३० |
| २५ | वडा नं. ८ मिलनटोल स्लाब ढलान उपभोक्ता समिती | ८ | ४६७३५४.७८ | ३६९२७९.९७ |
| २६ | महेन्द्र किरण ( बाल विकास जिप्सन र अन्य ) | ८ | ३५०६८४.५८ | २९१०००.०० |
| २७ | बागभैरव डाडा पार्क निर्माण-वडा नं ६ | ६ | २३५९८२.४० | १९४०००.०० |
| २८ | डिलमाया थिङ, अष्टलाल र सुर्य गोले टोल नयाँ ट्र्याक निर्माण वडा २ | २ | ३५०३१३.५० | २९१०००.०० |
| २९ | वडा नं ८ टासी छोईलाङ्ग गुम्बा | ८ | २३३५८४१.२८ | १९३५७९५.०५ |
| ३० | सन्तोष कार्कीको घर जाने अधुरो बाटो वडा ८ | ८ | २३३६१४.८६ | १९४०००.०० |
| ३१ | भोर्लेटाडी विर बहादुर घलान घरदेखी मकरी स्कुल जाने बाटो सिढि निर्माण वडा १ | १ | २३४२९२.१० | १९३८८३.६० |
| ३२ | शान्ती लामाको घर छेउको घोल नियन्त्रण वडा ८ | ८ | २९२२९१.७९ | २४१२१४.७५ |
| ३३ | रुपाचुरियाफेदि झो.पु. वडा ६ | ६ | २०२५९९६.४३ | १६५११०७.८७ |
| ३४ | माझटोल कलभट निर्माण वडा १ | १ | २३४९७५.४० | १९४०००.०० |
| ३५ | चनौटा देखि घरेटी रिजाद टोल जाने बाटो वडा ९ | ९ | १७५४९३५.५० | १४३७००१.६५ |
| ३६ | लामा टोल देखि स्कुल खहरे सम्मको बाटो स्तरीकरण वडा ५ | ५ | ५८३८३०.२६ | ४८५०००.०० |
| ३७ | निर्मल बस्ती बाटो स्तरोन्नती उपभोक्ता समिती मनहरी-७ | ७ | ४६७०७४४.६२ | ३८७९९५३.४४ |

रमेश सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची -१

मिति २०८३/०३/३२ गते बसेको पन्ध्रौं गाउँकार्यपालिकाको निर्णय नं. २ संग सम्बन्धित

| | | | | |
|---|---|---|---|---|
| ३८ | आमाघर आश्रम मनहरी -८ | ८ | २३३६४५६.०४ | १९४००००.०० |
| ३९ | मुलखोला तटबन्धन/मनहरी ४ | ४ | ३६८३१२.५८ | २९१०००.०० |
| जम्मा | - | - | ३०४२३४६५.६५ | २४५५३३९१.६३ |

रञ्जन कालाखेती
अध्यक्ष

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
गाउँ कार्यपालिकाको पन्ध्रौं बैठक